"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA


द्वैमासिक

वर्ष ९ अंक ३८, जेठ-असार २०८०     www.ncbl.coop     15 May 2023- 16 July 2023

## राष्ट्रिय सहकारी बैंकद्वारा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँट, एउटै सदस्यको खातामा ४२ लाख जम्मा

ललितपुर । राष्ट्रिय सहकारी बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट कार्य सम्पन्न गरेको छ ।

जेठ ३२ गते बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट कार्य गरेसंगै एउटै सदस्यले ४२ लाख भन्दा बढी रकम प्राप्त गरेको बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ ।



सहकारी संघ संस्थाहरूको प्रवर्द्धन, विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

मिति : २०८०/०२/३२

प्रेस विज्ञप्ति

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप आर्थिक वर्ष २०७८/०७९ को संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट कार्य सम्पन्न गरी सम्बन्धित सहकारी संघ/संस्थाहरुको खातामा रकम जम्मा गरेको सम्पूर्ण सदस्य सहकारी संघ-संस्थाहरु एवम् सरोकारवाला निकायहरूलाई जानकारी गराउँदछौं ।

सदस्य सहकारी संघ/संस्थाले जम्मा गरेको बचत रकमको लागी ४० प्रतिशत र कर्जामा तिरेको ब्याजको लागि ६० प्रतिशत भारको आधारमा आर्थिक वर्ष २०७८/०७९ मा संरक्षित पूँजी फिर्ता कोषमा छुट्याईएको जम्मा रकम रु १८,५५,१२,००६।१५ (अक्षरुपी अठार करोड पचपन्न लाख बाह्र हजार छ रुपैयाँ पन्ध्र पैसा) बाँडफाँट गरिएको छ। बचत र कर्जा कारोबार गर्ने १५,४७४ सम्पूर्ण संघ/संस्थाहरुले आर्थिक वर्ष २०७८/०७९ को संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेवापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ रु ४२,०७,७२७।९० सम्म र कर्जा तर्फ रु. ११,४८,४९८।८९ सम्म प्राप्त गर्न सफल भएका छन् । रु.५०,०००।- भन्दा बढी संरक्षित पूँजी फिर्ता कोषबाट रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरु ७३३ वटा रहेका छन् ।

यस अघि बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई आर्थिक वर्ष २०७८/०७९ को लागि बैंकको १९ औं साधारण सभाबाट पारित गरि १५ प्रतिशत लाभांश वापतको रु ४३,४५,५७,७४८।- रकम वितरण गरिसकेको छ। बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजी फिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत राष्ट्रिय सहकारी बैंकमा कारोबार गरी संरक्षित पूँजी फिर्ता कोषबाट लाभ लिने सम्पूर्ण सहकारी संघ/संस्थाहरुमा हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी ॥

राजेश श्रेष्ठ
सुचना अधिकारी



सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप बैंकले सदस्य संघ/संस्थाहरुले जम्मा गरेको बचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजका लागि ६० प्रतिशत भारको आधारमा कुल १८ करोड ५५ लाख १२ हजार ६ रुपैयाँ १५ पैसा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँट गरेको बैंकले जनाएको छ । संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सम्बन्धित सदस्य सहकारी संघ/संस्थाको खातामा जम्मा गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बताउनु भयो । .....(बाँकी पृष्ठ ३ मा)

## सहकारीको ऋण नतिर्नेलाई कार्बाही हुन्छ : रजिष्ट्रार घिमिरे




ललितपुर । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीबाट लगेको ऋण तिर्दिन भन्ने छुट कसैलाई पनि नभएको बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार ५ गते पोखरामा आयोजना गरेको सदस्य सम्मान तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै रजिष्ट्रार घिमिरेले सहकारीको ऋण नतिर्नेहरुलाई कानुनी कार्वाही गरिने बताउनु भएको हो ।

मुलुकमा कानुन छ, कानुन भएको मुलुकमा सहकारीबाट ऋण लगेर तिर्दिन भन्ने कुरा गलत हो, यस्ता खालका अराजकतालाई कानुन अनुसार कार्वाही हुन्छ, ऋणीको जग्गा तथा उसको हकभोग लाग्ने एकाघरको सम्पत्ती समेत सम्पत्ती विक्री गरेर ऋण तिर्ने कानुनी व्यवस्था भएकाले ऋण नतिर्ने छुट कसैलाई पनि नभएको घिमिरेको भनाइ छ । सहकारीमा राखेको धितो वा धितो राखेको भए पनि ऋणी र उसको हकभोग लाग्ने एकाघरको सम्पत्ती समेत विक्री गरेर ऋण तिराउने व्यवस्था सहकारी ऐनमा रहेको उहाँले बताउनुभयो । .....(बाँकी पृष्ठ ३ मा)

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

**सुचना, सञ्चार तथा प्रकाशन उप-समिति**

**संयोजक**
राम बहादुर जि.सी.

**सदस्यहरु**
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल

**सदस्य सचिव**
नवीन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी.

**ठेगाना**
राष्टिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

## सम्पादकीय

### आर्थिक समृद्धिका लागि सहकारी

*नेपालको कुल उपभोगमा आयातको हिस्सा ज्यादै उच्च छ। खासगरी आयातमा देखिएको तीव्र वृद्धी र निर्यातको प्रवृत्तमिा देखिएको न्यून वृद्धिले पर्ना यस्तो अवस्था सृजना भएको हो । यसले कृषजिन्य वस्तुहरूको उत्पादन र निर्यातबाट सहकारीले आयात प्रतस्थिापन र निर्यात प्रवर्द्धनमा सहयोग पुर्‍याउन सक्छन् ।*

*देशभत्रि उपलब्ध प्राकृतकि साधन, मानवीय संसाधन र शीपको उच्चतम उपयोग गर्दै कृषि क्रान्तीका माध्यमबाट आयात प्रतस्थिापन गर्ने दशिामा आर्थकि क्रयिाकलप सञ्चालन गर्न सकन्छि । यसमा उत्पादन, प्रशोधन, बजारीकरण र लाभको वतिरण गर्ने कार्यमा सहकारी संस्थाले अग्रणी भूमकिा खेल्न सक्छ । त्यसैगरी, राज्यले प्राथमकिीकरण गरी सहकारीलक्षति उच्चमूल्यका कृषउिपज प्रशोधनका माध्यमबाट त्यस्ता कृषउिपजको बृहत् उत्पादन गर्न सक्छ । यसबाहेक परम्परागत शीपमा आधारति हस्तकलाका वस्तुहरूको उत्पादनमा समेत सहकारीले अग्रणी भूमकिा नर्विाह गर्न सकेको खण्डमा निर्यात प्रवर्द्धन र आयात प्रतस्थिापन भई व्यापारघाटामा दीर्घकालीन सुधार आउने देखन्छि।*

*साधारणतया आर्थकि वृद्धलिाई समावेशी बनाउने कुरा गर्दा हामी त्यो बजार अर्थतन्त्रबाट हासलि गर्ने कल्पना गर्छौं, जुन असम्भव कुरा हो । समावेशी आर्थकि वृद्धी भन्नाले उत्पादन प्रक्रयिा र निर्णियमा समुदायका अधकिांश सदस्यको सहभागतिा तथा आर्थकि वृद्धकिो लाभ सबैलाई वतिरण हुने कुरालाई बुझ्नुपर्ने हुन्छ । तर, बजार अर्थतन्त्रमा उत्पादनका साधनहरूमा सबैको पहुँच हुँदैन र उत्पादनको वतिरणमा पर्ना समानुपातकि र समन्यायकिता सम्भव हुँदैन। त्यसैगरी, यस पद्धतमिा उत्पादन र वतिरणको प्रक्रयिामा सबैको समान क्षमता र अधकिार पर्ना स्थापति हुन सक्दैन। समावेशी आर्थकि वृद्धलिाई बढी न्यायमुखी बनाउन जहाँ राज्यको दरलिो उपस्थतिी जरुरी हुन्छ, त्यस्ता क्षेत्रहरूमा राज्यले वतिरणका बलयिा कार्यक्रम ल्याउनुपर्ने हुन्छ। तर, राज्यले सबैलाई सेवा पुर्‍याउनका लागी राज्य संयन्त्रको क्षमता र दक्षताको कुशलतामा प्रश्न उठ्न सक्छ। यस्ता प्रश्न हाम्रोजस्तो अल्पवकिसति मुलुकमा अझ टड्कारो रूपमा उठ्ने गरेको पाइन्छ। त्यसैले समावेशी वकिासको प्रभावकारी ढाँचाको कुरा गर्दा अहलिेको अवस्थामा राज्य र नजिी क्षेत्र गरी दुई मूल पात्रमात्र रहने ढाँचा काम लागेन। त्यसैले अब तेस्रो पात्रका रूपमा समुदायमा आधारति सहकारी संस्थासमेतको सक्रयिता उपलब्धमिूलक हुन सक्छ भन्न सकन्छि। हामीले सामुदायकि र सहकारी संस्थाहरूको माध्यमबाट उत्पादनको प्रक्रयिा र उत्पादति वस्तु र सेवाको वतिरण एवम् त्यसबाट प्राप्त लाभको वतिरणको अवस्थासम्म पर्ना सहकारीलाई परचिालन गर्न सक्यौं भने मात्र समावेशी आर्थकि वृद्धकिो कल्पना व्यवहारमा रूपान्तरति हुन सक्छ। नागरिक सबलीकरणको माध्यमबाट पनि आर्थिक-सामाजिक रूपान्तरण गर्ने कुरालाई मूर्तरूप दिन सकिन्छ। हाम्रोजस्तो मुलुकमा लैङ्गिक समानता र सशक्तीकरणका विषय प्रबल हुन्छन् । लैङ्गिक समानताको कुरा गर्दा महिलालाई सशक्त बनाउने र उनीहरूलाई सक्षम तुल्याउने, त्यसैगरी अधिकार सम्पत्ति र अवसरमा समान रूपमा उनीहरूको पहुँच पुर्‍याउने विषयले प्राथमिकता पाउनुपर्ने हुन्छ।*

**राष्ट्रिय सहकारी बैंकद्वारा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँट** ........ उहाँका अनुसार बचत र कर्जा कारोबार गर्ने १५,४७४ सहकारी संघ/संस्थाहरु को संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेबापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ ४२ लाख ७ हजार ७ सय २७ रुपैयाँ तथा कर्जा तर्फ ११ लाख ४८ हजार ४ सय ९८ रपैयाँ सम्म प्राप्त गर्न सफल भएको प्रमुख कार्यकारी अधिकृत गुरागाईंले बताउनु भयो ।
"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" भन्ने परिकल्पनाका साथ अघि बढेको बैंकले संरक्षित पूँजी फिर्ता कोषबाट ५० हजार भन्दा बढी रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरु ७३३ रहेका छन् । हाल बैंकमा १६ हजार भन्दा बढी सदस्य सहकारी संघ संस्थाहरु रहेका छन् । यस अघि बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई आर्थिक वर्ष २०७८/०७९ को लागि बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित गरी १५ प्रतिशत लाभांश वापतको रकम साधारण सभा सम्पन्न गरेको दिन गत पुस १८ गते वितरण गरेको थियो ।

सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ ले गरेको व्यवस्था पछि सहकारीहरुको केन्द्रीय निकायहरु मध्ये निरन्तर संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुलाई बचत र कर्जाको आधारमा रकम बाँडफाँट गर्ने बैंक पहिलो हो ।

बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजी फिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत राष्ट्रिय सहकारी बैंकमा उच्च कारोबार गरी संरक्षित पूँजी फिर्ता कोषबाट लाभ लिन अनुरोध समेत विज्ञप्ति मार्फत अनुरोध गरेको छ ।

**सहकारीको ऋण नतिर्नेलाई कार्बाही हुन्छः रजिष्ट्रार घिमिरे**......सहकारीबाट लगेको ऋण नतिरे राज्यले सहजीकरण गरेर ऋण तिर्ने वातावरण बनाउने उहाँले बताउनुभयो । सहकारी क्षेत्रमा देखिएको पछिल्लो समयको समस्या वित्तीय संकटका कारण आएको भन्दै उहाँले सहकारीलाई नियम अनुसा सञ्चालन नगर्ने केही सहकारीहरुका कारण समेत देशभरका असल सहकारीहरुलाई समेत तरलता समस्या सिर्जना भएको उहाँले बताउनुभयो ।



सहकारीका नाममा निजी सम्पत्ती जोड्ने, आफु र आफन्तका कम्पनी चलाउने र वित्तीय संकट देखाएर वचतकर्ताहरुको रकम फिर्ता नगर्नेहरुलाई कार्वाही गरी वचतकर्ताहरुको रकम फिर्ता गराउनका लागि विभागले प्रक्रिया अगाडि बढाएको उहाको भनाइ थियो ।
प्रभावकारी नियमन हुन नसकेका कारण सहकारीहरुले वित्तीय अनुशासन पालना नगरेको चर्चा गर्दै उहाँले सहकारीहरुलाई ऐन अनुसार सञ्चालनका लागि विभागले खबरदारी गर्ने बताउनुभयो ।
सहकारी राम्रोसंग चलाउदै गर्दा वित्तीय क्षेत्रको संकटका कारण तरलता समस्या भएका सहकारीहरुले श्वेतपत्र जारी गरेर वचत फिर्ताका लागि समय तोक्न सक्ने व्यवस्था गरिएको छ । सहकारीको रकमबाट निजी सम्पत्ती जोड्न प्रयोग गर्नेहरुलाई कार्वाही गरेर वचतकर्ताको रकम फिर्ता गरिने उहाँले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश प्रसाद पोखरेल, नेफ्स्कुनका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइराला लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा बैंकका तालिम अधिकृत राजकुमार बरालले सहकारीको वर्तमान अवस्था तथा भावी कार्यक्रम विषयमा सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रम बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षता, सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको सञ्चालन र पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीको स्वागतमा सम्पन्न भएको थियो । सो अवसरमा बैंकले प्रदान गर्ने विभिन्न विधामा उत्कृष्ट हुने सहकारी संस्था तथा व्यक्तिहरुलाई पुरस्कृत गरिएको थियो । पुरस्कार वितरण कार्यक्रमको सहजीकरण बैंकका सञ्चालक एवम् शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक माधवलाल देवकोटाले गर्नु भएको थियो ।

# पर्वतको सदरमुकाम कुश्मामा सहकारी बैंकको शाखा सञ्चालन गर्न माग



ललितपुर । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा सञ्चालन गर्न स्थानीय सहकारीकर्मीहरुले माग गरेका छन् ।

जिल्ला सहकारी संघ लिमिटेड पर्वतको अगुवाईमा पर्वतका सबै स्थानीय तहका सहकारीकर्मीहरुका तर्फबाट जिल्ला सदरमुकाममा सहकारी बैंकको शाखा सञ्चालन गर्न माग गरिएको हो ।

संघका अध्यक्ष शेषराज रेग्मी र कोषाध्यक्ष देवी क्षेत्री सहितको टोलीले जेठ २४ गते बैंकको केन्द्रीय कार्यालय ललितपुर कुपण्डोलमा पुगेर बैंकका अध्यक्ष के.बी.उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईलाई माग पत्र बुझाएको हो ।

पर्वत जिल्लाका सात वटा स्थानीय तह र प्रदेशबाट नियमन हुने गरी ३ सय ८८ वटा सहकारी संघ संस्था रहेका र ति मध्ये १ सय २५ वटा सहकारी संस्था बैंकको सदस्य भइ कारोबार समेत गर्दै आएको संघको माग पत्रमा उल्लेख छ । सदस्य नभएका सहकारीहरु पनि बैंकको सदस्य बन्ने प्रक्रियामा रहेको र सबै सहकारीहरुले आफ्नो कारोबार सहकारी बैंकमार्फत नै गर्नका लागि शाखा माग गरेको जिल्ला सहकारी संघ पर्वतका अध्यक्ष शेषराज रेग्मीले जानकारी दिनुभयो ।




बैंकका अध्यक्ष के.बी.उप्रेतीले पर्वत जिल्लाको सदरमुकाम कुश्मामा शाखा सञ्चालनका लागि बैंकको साधारणसभाबाट निर्णय गरी नियमनकारी निकायमा पठाइएको जानकारी दिनुभयो । उहाँले शाखा सञ्चालनका लागि बैंकका तर्फबाट प्रक्रिया अगाडि बढाइएको छ, नियमनकारी निकायले अनुमति दिदासाथ कुश्मामा शाखा सञ्चालन गरिने बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंकले गण्डकी प्रदेशमा हाल ७ वटा शाखामार्फत कारोबार गर्दै आइरहेको छ। बागलुङ, तनहु र नवलपुरमा एक एक वटा शाखा तथा कास्की र स्याङ्जामा दुई दुई वटा शाखा सञ्चालन भइरहेका छन् । गण्डकी प्रदेशका पर्वत, म्याग्दी, लमजुङ, गोर्खा र तनहुको पश्चिम क्षेत्र (शुक्लागण्डकी) मा सञ्चालन हुने गरी थप शाखा माग गरिएको बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले जानकारी दिनुभयो ।

# सहकारी बैंकद्वारा चितवनमा सञ्चालित ऋण असुली व्यवस्थापन तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भरतपुर शाखाको आयोजनामा सञ्चालित सहकारी संघ संस्थाहरुको "ऋण असुली व्यवस्थापन" तालिम जेठ ५ गते सम्पन्न भएको छ । सहकारी संघ संस्थाहरुको ऋणको गुणस्तर कायम गरी ऋण असुली कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिम समापनका क्रममा सहभागीहरूलाई प्रमाण-पत्र वितरण गर्दै बैंककी सञ्चालक तारा गुरुङले बैंक तथा वित्तीय सहकारी क्षेत्रमा देखिएको समसामयिक विषयलाई समेट्न तालिमले सहयोग पुग्ने भन्दै तालिमबाट सिकेको कुरालाई आफ्नो संस्था एवं व्यवहारमा उतार्न सके यसको औचित्य अझै बढ्ने बताउनुभयो । तालिममा सहकारीहरूको ऋण असुली व्यवस्थापनका क्रममा ऋण जोखिम व्यवस्थापन, ऋण वर्गीकरणको तरिका, चार्ज अफ र राइट अफ, ऋण परामर्श र अभ्यास एवम् ऋण असुलीको कानुनी प्रावधानहरू कार्यान्वयनको तारिका सम्बन्धमा बैंकका तालिम विभागका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहजीकरण गर्नुभएको थियो । तालिमका सहभागीहरूले वर्तमान परिस्थितिमा ऋण असुली कार्य अत्यन्त चुनौती बनेकाले तालिमले प्राविधिक, सिपमूलक, कानुनी साथै व्यवहारिक पाटोमा सहयोगी भएको बताएका छन् ।

सहकारी बैंकका सञ्चालक तारा गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रममा तालिम विभागका तालिम अधिकृत बल्लभ तिमल्सिना, बैंकको भरतपुरका शाखा प्रमुख सन्तोष ढकाल, टाँडीका प्रमुख नरेश कामती लगायतको उपस्थिति रहेको थियो । तालिममा चितवनका विभिन्न सहकारी संघ संस्थाका ४० जनाले सहभागिता जनाएका थिए ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध दाङ र सल्यानका संस्थाहरू बिच समीक्षा

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आबद्ध दाङ र सल्यानका संस्थाहरूको बिचमा सिकाई अनुभव साटासाट एवम् "केयर समीक्षा गोष्ठी" जेठ ५ गते सम्पन्न भएको छ ।

चेतना सामाजिक उद्यमी सहकारी संस्था सल्यानको आयोजना एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा स्तरीकरण कार्यक्रम केयरमा आबद्ध दाङ र सल्यान जिल्लाका सहकारी संस्थाहरूका बिचमा समीक्षा गोष्ठी भएको हो । सहभागी संस्थाका प्रतिनिधिहरूले पालै-पालो प्रस्तुतीकरण गरेका थिए । समीक्षा गोष्ठीमा सहभागी संस्थाको नेतृत्व तहमा रहेका सञ्चालक तथा व्यवस्थापनको जिम्मेवारीमा रहेका कर्मचारी गरी २/२ जनाको सहभागिता रहेको थियो ।

संस्थाहरुको प्रस्तुतीकरणका आधारमा बैंकका अधिकृत सूर्य प्रसाद रिमाले सहजीकरण गर्नु भएको छ । संस्थाहरुको प्रस्तुतीकरणका आधारमा वित्तीय स्वस्थता र आन्तरिक सुशासनका क्षेत्रमा संस्थाहरुले सुधार गरी संस्थाको स्तरोन्नति गर्नु पर्ने लगायतको ३४ बुँदे निष्कर्ष निकालिएको छ ।

# ठाकुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाका नेतृत्वलाई दक्षता अभिबृद्धी तालिम

ललितपुर । ठाकुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बर्दियाका सञ्चालक समितिको दुई दिवसीय दक्षता अभिवृद्धि तालिम जेठ ७ गते सम्पन्न भएको छ।

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, सल्लाहकारहरू र व्यवस्थापनका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको संस्थाले जनाएको छ । तालिमको समापन संस्थाका अध्यक्ष निलकण्ठ कँडेलको अध्यक्षता तथा ठाकुरबाबा नगरपालिकाकी उप-प्रमुख बिना कुमारी भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा बैंकको भुरीगाउँ शाखाका प्रमुख किरण खत्रीको आतिथ्यता रहेको थियो । जेठ ६ र ७ गते सञ्चालन भएको तालिममा बैंकका अधिकृत सूर्य प्रसाद रिमालले सहकारी प्रतिको संवैधानिक अपेक्षा, सञ्चालक समितिमा हुनुपर्ने ज्ञान सीप तथा नेतृत्वको जिम्मेवारी, सहकारीमा सुशासन, सहकारी ऐन २०७४ तथा नियमावली २०७५ मा भएका व्यवस्था, नेतृत्वको स्वमुल्याङकन लगायतका विषयमा सहजिकरण गर्नु भएको थियो ।

# बुटवलमा सञ्चालित दुई दिवसीय एनएफआरएस तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा भएको दुई दिवसीय नेपाल वित्तीय प्रतिवेदन मान-एनएफआरएस **(Nepal Financial Reporting Standards-'NFRS')** सम्बन्धी सम्पन्न भएको छ।

लुम्बिनी प्रदेशको बुटवलमा जेठ १० र ११ गते दुई दिन सञ्चालन भएको तालिम समापन बैंकका सञ्चालक माधवलाल देवकोटाको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक भिम तुलाचनको प्रमुख आतिथ्यतामा भएको थियो । उक्त तालिमको वरिष्ठ चार्टर एकाउन्टेन्ट विदुर लुइँटेले एनएफआरएसको पृष्ठभूमि र परिचय, सहकारी क्षेत्रहरूमा लागू हुने वित्तीय विवरणहरूको ढाँचा, सहकारी संस्थाहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने विभिन्न दायित्वहरू, हाल अभ्यासमा रहेको लेखामानबाट एनएफआरएस मा जानुपर्ने वैज्ञानिक कारणहरू, सम्पत्ति एवं ह्रासकट्टिका आधारहरू, कर लेखांकन र एनएफआरएस बमोजिमको प्रतिवेदनमा फरक पर्ने क्षेत्रहरू लगायतका विषयमा सहजीकरण गर्नु भएको छ।

सहकारी ऐन-२०७४ परिच्छेद १२ मा लेखा र लेखा परीक्षण अन्तर्गत दफा ७४ मा सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य सर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ भनी उल्लेख गरेको छ, भने नेपाल चार्टर एकाउन्टेन्ट संस्था (आई क्यान) ले नेपाल वित्तीय प्रतिवेदन मान (एनएफआरएस) लागु गर्न उत्प्रेरित गरे पछि तालिमको आयोजना गरेको बैंकले जनाएको छ।

तालिममा लुम्बिनी प्रदेशका विभिन्न सहकारी संस्थाका २९ जना व्यवस्थापक तथा लेखा हेर्ने कर्मचारीहरूको सहभागिता रहेको थियो । बैंकको बुटवल शाखाका प्रमुख नारायण बेल्वासेको सञ्चालन तथा कर्मचारी सुशिल भट्टराईको स्वागत मन्तव्यमा तालिम सम्पन्न भएको थियो ।

# बजेट मार्फत वृद्धि गरेको सहकारीको आयकर दर सच्चाउन माग

ललितपुर । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले सरकारले जेठ १५ गते सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को बजेट मार्फत बचत तथा ऋण कारोबार गर्ने सहकारीको आयकर दर वृद्धि सच्च्याउन माग गर्नु भएको छ।

बैंकले जुम्लामा आयोजनामा गरेको "सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रम" विषयक छलफल एवम् अन्तरक्रिया कार्यक्रममा बोल्दै सहकारी ऐन २०७४ मा भएको करको दर नै लागू गर्नु पर्ने बताउनु भयो।

नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारीलाई १० प्रतिशत, उपमहानगरपालिका भित्रका सहकारीका लागि १५ प्रतिशत र महानगरपालिकामा भित्रका सहकारीलाई २० प्रतिशत आयकर निर्धारण गरिएको प्रति आपत्ति जनाउँदै तत्काल सच्याउन आग्रह गर्नु भयो।

बैंकका सञ्चालक काली बहादुर महतराले सहकारीमा लाग्दै आएको आयकरमा वृद्धि हुनु न्यायोचित नभएको उल्लेख गर्दै पूर्ववत् रूपमा लिँदै आएको आयकरलाई नै यथावत् राख्न आग्रह गर्नु भयो। बैंकका नि-वर्तमान सञ्चालक हरिहर नाथ योगीले सहकारी अभियानको तर्फबाट बजेट निर्माण गर्ने चरणमा समेत करको दर यथावत् राख्नुपर्छ, बढाउन हुँदैन भनेर विभागीय मन्त्रालय लगायतमा सुझाव पेस भन्दै त्यसलाई अर्थमन्त्रीले सच्याउनु पर्ने बताउनु भयो।

बुधवार संघीय संसदमा अर्थमन्त्री डा.प्रकाश शरण महतले प्रस्तुत नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८० मा बचत तथा ऋणको सहकारी संघ/संस्थालाई लाग्ने आयकर दरमा १०० प्रतिशत वृद्धि गरिएको जनाएका थिए। जिल्ला सहकारी संघ लिमिटेड जुम्ला र जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड जुम्लाको समन्वयमा भएको कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष पदम महत, बचत संघका अध्यक्ष धन जीत बुढा लगायत जिल्लाका विभिन्न सहकारी संघ संस्थाका ८५ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारले सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रमको विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो।

# सहकारी बैंकद्वारा मोरङमा सञ्चालित ऋण लगानी तथा असुली व्यवस्थापन तालिम सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड उर्लाबारी शाखाको आयोजनामा जेठ १६ र १७ गते सञ्चालित सहकारी संघ संस्थाहरुको "ऋण लगानी तथा असुली व्यवस्थापन" तालिम सम्पन्न भएको छ।




सहकारी संघ संस्थाहरुको ऋणको गुणस्तर कायम गरी ऋण असुली कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुर्‍याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

बैंकको उर्लाबारी शाखाका प्रमुख विनोद चुडालले बैंक तथा वित्तीय सहकारी क्षेत्रमा देखिएको समसामयिक विषयलाई समेट्न तालिमले सहयोग पुग्ने भन्दै तालिमबाट सिकेको कुरालाई आफ्नो संस्था एवम् व्यवहारमा उतार्न सके यसको औचित्य अझै बढ्ने बताउनुभयो।

तालिममा सहकारीहरूको ऋण असुली व्यवस्थापनका क्रममा ऋण जोखिम व्यवस्थापन, ऋण वर्गीकरणको तरिका, चार्ज अफ र राइट अफ, ऋण परामर्श र अभ्यास एवम् ऋण असुलीको कानुनी प्रावधानहरू कार्यान्वयनको तारिका सम्बन्धमा बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजीकरण गर्नुभएको थियो।

तालिमको उद्घाटन मंगलबार बैंकको उर्लाबारी शाखा समन्वय उप-समितिका संयोजक देवेन्द्र पौडेलले गर्नुभएको थियो।

सो अवसरमा बोल्दै उहाँले यस शाखा अन्तर्गतका सहकारी संस्थाहरु सुरक्षित रहेको भन्दै ऋण लगानिलाई मजबुत र सुरक्षित बनाउनु पर्नेमा जोड दिनुभयो। तालिमका सहभागीहरूले वर्तमान परिस्थितिमा ऋण असुली कार्य अत्यन्त चुनौती बनेकाले तालिमले प्राविधिक, सिपमूलक, कानुनी साथै व्यवहारिक पाटोमा सहयोगी भएको बताएका छन्।

तालिम कार्यक्रममा त्यस क्षेत्रका विभिन्न ३२ वटा सहकारी संस्थाका ऋण विभागका कर्मचारी तथा ऋण उपसमितिका सदस्यहरू गरी ३८ जनाले सहभागिता जनाएका थिए।

# बागलुङमा सहकारीको स्तरीकरण कार्यक्रम (केयर) समिक्षा




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको स्तरीकरण कार्यक्रमको दोस्रो चरणमा सञ्चालन हुने केयर कार्यक्रमको समिक्षा कार्यक्रम जेठ १९ गते बागलुङमा सम्पन्न भएको छ ।

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आदर्श सञ्चार सहकारी संस्था लिमिटेड बागलुङले केयर समिक्षा कार्यक्रम आयोजना गरेको हो । बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रममा सहभागी संस्थाहरुको मात्र सहभागितामा सञ्चालन हुने कार्यक्रममा बागलुङ, म्याग्दी र पर्वतका १२ वटा संस्थाको सहभागिता रहेको थियो ।

सहकारीहरुको संस्थागत अवस्था, वित्तीय व्यवस्थापन र सुशासनलाई प्रभावकारी बनाउन, कार्यविधिहरु निर्माण तथा अद्यावधिक गर्न, योजना निर्माण तथा समिक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धि गर्न, आन्तरिक नियन्त्रण प्रणाली, गैर वित्तीय पक्ष एवं वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ सहकारी बैंकले स्तरीकरण कार्यक्रम सञ्चालन गरेको हो ।

स्तरीकरण कार्यक्रममा चार तहमा सहकारीहरुको स्तर मापन हुने गरी सञ्चालित कार्यक्रमको पहिलो चरणमा आधारभूत तह, दोस्रोमा केयर, तेस्रोमा स्मार्ट र चौथोमा अन्तर्राष्ट्रिय तह रहेका छन् । केयर समिक्षा कार्यक्रममा सहभागी संस्थाको संस्थागत अवस्थाका बारेमा समिक्षा गरी सवल पक्षलाई निरन्तरता र सुधार गर्न पर्ने पक्षका विषयहरुलाई संस्थागत रुपमा सुधार गर्दै लैजाने प्रतिवद्धता सहभागीहरुले गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जिसीले सहकारीहरुलाई सदस्य केन्द्रीत बनाउन, संस्थालाई संस्थागत रुपमा सञ्चालन गर्न तथा वित्तीय अवस्थालाइ प्रभावकारी रुपमा अगाडि बढाउनका लागि स्तरीकरण कार्यक्रम सहयोगी हुने बताउनुभयो ।

उहाँले सहकारीका सञ्चालकहरुलाई जिम्मेवार र जवाफदेही बनाउनका लागि केयर कार्यक्रममा आवद्धता आवश्यक रहेको बताउनुभयो ।

सहभागी संस्थाहरुका तर्फबाट बेनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रमेश गिरीले सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आवद्धता पछि आफ्नो संस्थालाई संस्थागत रुपमा अगाडि बढाउन तथा कार्यविधिहरुसँगै समग्र अवस्था सुधारका लागि धेरै सहयोग पुगेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको लैंगिक समता उप-समितिका सदस्य लिला खड्काले सहकारीहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि सबै सहकारीहरु स्तरीकरण कार्यक्रममा सहभागी हुनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बैंकको स्तरीकरण विभागका अधिकृत नवकुमार अधिकारीले सहजीकरण गर्दै सहकारी संस्थाले वित्तीय सुशासन कायम गर्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रम आदर्श सञ्चार सहकारी संस्थाका अध्यक्ष हुमा कुमारी जिसी (अञ्जु)को अध्यक्षता, उपाध्यक्ष ललिता थापाको स्वागत र प्रवन्धक दिपकराज सापकोटाको सञ्चालनमा सम्पन्न भएको थियो ।

केयर समिक्षा कार्यक्रमका सहभागीहरुले सहकारी संस्थाहरुमा तरलता २० प्रतिशत कायम गर्ने गरी योजना बनाउने, भाखा नाघेको ऋण असुली प्रभावकारी बनाउने, ऋण सुरक्षण कोषमा आवश्यक रकम व्यवस्थापन गर्ने, वचत रकम कम हुन नदिनका लागि नयाँ नयाँ योजनाहरु बनाउने र सदस्यहरुका बीचमा जाने, सञ्चालकहरुको स्वमूल्यांकन एवं प्रभावकारीता मूल्यांकन गर्ने, कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी लक्ष्य सहितको कार्ययोजना दिने, आगामी आर्थिक वर्षको वार्षिक योजना र बजेट तयार गरी कार्यान्वयन गर्ने, रणनीतिक योजना नभएका संस्थाहरुले रणनीतिक योजना निर्माण गर्ने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा केयरमा आवद्ध संस्थाहरुका तर्फबाट आदर्श सञ्चार सहकारी संस्थाका प्रवन्धक दिपकराज सापकोटा, एकता सहकारी संस्थाका प्रवन्धक दिपक राजभण्डारी, अभियान बहुउद्देश्यीय

सहकारी संस्थाका प्रवन्धक महादेव सापकोटा, प्रगति बहुउद्देश्यीय सहकारी संस्थाका प्रवन्धक मुना शर्मा, बागलुङ बहुउद्देश्यीय सहकारी संस्थाका प्रवन्धक ऋषि सापकोटाले संस्थाको अवस्था लगायत योजना र कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भएको थियो । यस्तै बेनी वचत तथा ऋण सहकारी संस्थाका प्रवन्धक सज्जन शाक्य, संगिनी वचत तथा ऋण सहकारी संस्था बेनीका प्रवन्धक तेज कुमारी बानिया (गंगा), विश्वामित्र बचत तथा ऋण सहकारी संस्था बेनीका प्रवन्धक सरस्वती बाँनिया, लोकदिप वचत तथा ऋण सहकारी संस्थाका सहायक प्रवन्धक सज्जन रिजाल र कृष्णगंगा बहुउद्देश्यीय सहकारी संस्था जलजला पर्वतका प्रवन्धक ओम प्रसाद शर्माले आ-आफ्नो संस्थाको अवस्थाका बारेमा प्रस्तुती गर्नु भएको थियो ।

संस्थाका अध्यक्ष र प्रवन्धकहरुको सहभागितामा केयरमा आवद्ध संस्थाका गतिविधिको प्रस्तुतीपछि संस्थागत अवस्था, सवल पक्षहरु र सुधार गर्नु पर्ने पक्षका विषयमा छलफल गरिएको राष्ट्रिय सहकारी बैंक स्तरीकरण कार्यक्रमका अधिकृत नव कुमार अधिकारीले जानकारी दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम अन्तरगत केयर कार्यक्रममा बागलुङका ६ वटा, म्याग्दीका ५ वटा र पर्वतको एउटा गरी १२ वटा संस्था सहभागी भएका छन् । थप ६ वटा सहकारी संस्थाले स्तरीकरण कार्यक्रममा सहभागिताका लागि निर्णय गरिसकेको र आगामी साउनदेखि केयरमा सहभागी हुने राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले जानकारी दिनुभयो ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा भैरहवामा कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा जिल्ला सहकारी संघ लिमिटेड रुपन्देहीको समन्वय र सिद्धार्थनगर नगरपालिकाको आयोजनामा सञ्चालन भएको सहकारीमा ऋण तथा जोखिम व्यवस्थापन तालिम जेठ १८ गते सम्पन्न भएको छ ।

भैरहवाको रुपन्देहीमा जेठ १७ र १८ गते सञ्चालित तालिममा सहकारी संस्थामा ऋण जोखिमलाई व्यवस्थापन गरी खराब कर्जालाई न्यूनीकरण गर्ने उद्देश्यका साथ तालिम सञ्चालन गरेको नगरपालिकाले जनाएको छ । कार्यक्रम समापनको अवसरमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवम् राष्ट्रिय सहकारी महासंघका सञ्चालक भीम प्रसाद तुलाचनले जिल्ला भित्र रहेका सहकारी संस्थाहरुलाई मजबुत बनाउन सबैले सहकार्य गरी अगाडि बढ्नुपर्ने बताउनु भयो । सबै सहकारी संस्थाहरुले नियम कानुनको परिधिमा रहेर कार्य गरेमा संस्था सबल हुने भन्दै पछिल्लो समय संस्थाको ऋण असुली चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा यस किसिमको तालिमले कानुनी तथा व्यवहारिक पाटोमा सहयोग पुग्ने बताउनु भयो ।

सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख तथा कार्यक्रमकी अध्यक्ष उमा अधिकारीले नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको सफलताको लागि निरन्तर प्रयास रहने बताउनु भयो । सहकारीको आवश्यकतालाई मध्यनजर गर्दै विभिन्न तालिमहरू सञ्चालन गर्ने बताउँदै सहकारी संस्थालाई सुशासनमा चल्न नियमन कार्यलाई प्राथमिकतामा राखिने बताउनु भयो ।



राष्ट्रिय सहकारी बैंक भैरहवा शाखाका प्रमुख प्रकाश पन्थीले सहकारी अभियान र सहकारी संस्थालाई मजबुत बनाउन राष्ट्रिय सहकारी बैंकले निरन्तर तालिम, शिक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउनु भयो । तालिमले कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी कर्जामा जोखिम व्यवस्थापनमा घटाउन सहयोग पुग्ने भन्दै तालिमबाट सिकेका कुराहरू व्यवहारिक रूपमा प्रयोग गर्न सहभागीहरूलाई अनुरोध गर्नु भयो ।

बैंकको बुटवल शाखाका प्रमुख नारायण बेल्बासेले कर्जा सदुपयोगिताको उपायहरू, कर्जा जोखिम न्यूनीकरणको उपायहरू, कर्जा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो ।

सिद्धार्थनगर नगरपालिकाको सहकारी शाखाका प्रमुख कमल कान्त खनालले सञ्चालन गर्नु भएको कार्यक्रममा नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुमा कार्यरत प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।

# सहकारी क्षेत्रमा देखिएको समस्यालाई सबै मिलेर समाधान गरौँ

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सुर्खेतको वीरेन्द्रनगरमा आयोजनामा गरेको “सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रम” विषयक छलफल एवम् अन्तरक्रिया कार्यक्रम जेठ २० गते सम्पन्न भएको छ।

कार्यक्रममा सहभागी सरोकारवालाहरूले सहकारी क्षेत्रमा देखिएको सबै खाले समस्याहरूलाई सबै मिलेर समाधान गर्नु पर्नेमा जोड दिएका छन् । कार्यक्रमका प्रमुख अतिथि एवम् राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीको पैसा कम्पनी र कम्पनीको पैसा सहकारीमा जाने कार्यलाई रोक्नु पर्ने बताउनु भयो । ‘कुनै न कुनै कम्पनीको लगानी सहकारीमा रहेको छ र सहकारीको पैसा पनि कम्पनीमा लगानी रहको छ। यसलाई रोक्न सकेको खण्डमा मात्रै पनि समस्या धेरै हदसम्म समाधान हुन्छ,’ उहाँले भन्नु भयो।

सरकारले सहकारीका बचत कर्ताहरूलाई सहकारीहरूमा रहेको रकम सुरक्षित हुन्छ भनेर आश्वस्त पार्नु पर्ने कुरामा जोड दिनु भयो। ‘यो कार्य राज्यको हो र राज्यले नै त्यसमा अग्रसर्ता लिएर बचतकर्ताको बचत सुरक्षित छ भन्ने विश्वास दिलाउनु पर्छ,’ त्यसको लागि सहकारी अभियान पनि साथमा रहेको बताउनु भयो । कार्यक्रमका विशेष अतिथि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुण) का वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले सुशासनमा नचलेका सहकारी संस्थाहरुलाई नियमनसँगै कर्जा सूचना केन्द्र र ऋण असुली न्यायाधिकरण तत्काल आवश्यक रहेको बताउनु भयो । बैंकका नि-वर्तमान सञ्चालक हरिहर नाथ योगीले सहकारी क्षेत्रमा देखिएको विकृतिलाई समाधान गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो । समस्या समाधानका लागि नियम कानुन बनाएर सबै मिलेर काम गर्नु पर्ने उहाँको भनाइ थियो।

बैंकका पूर्व सञ्चालक गोविन्द बहादुर मल्लले सहकारी ऐन, नियमलाई कडाइका साथ लागु गरी व्यथितिलाई समाधान गर्न सकिने र त्यसका लागि सरकारले ध्यान दिनु पर्ने उनको भनाइ थियो। जिल्ला सहकारी संघ लिमिटेड, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेड, जिल्ला कृषि सहकारी संघ लिमिटेड र सहकारी कर्मचारी क्लब सुर्खेतको समन्वयमा भएको कार्यक्रममा विषयगत केन्द्रीय संघका सञ्चालकहरू, जिल्ला सहकारी संघ सुर्खेतका अध्यक्ष एवम् प्रतिनिधिहरू, विषयगत संघका प्रतिनिधिहरूको आतिथ्यता रहेको थियो भने, कार्यक्रममा सुर्खेत सहित कर्णाली प्रदेशको विभिन्न क्षेत्रका सहकारी संस्थाका प्रतिनिधिहरूको



सहभागिता रहेको थियो । बैंकका सञ्चालक काली बहादुर महतराको अध्यक्षतामा भएको कार्यक्रममा बैंकको तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले “सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रम” को विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

बैंकले जेठ १७ गते जुम्लामा र १८ गते कालिकोटमा त्यहाँका सहकारी संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रमको विषयमा वृहत् छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको थियो।

बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारको सञ्चालन तथा सहकारी कर्मचारी क्लब सुर्खेतका अध्यक्ष चित्र प्रसाद रेग्मीको स्वागत मन्तव्यमा भएको कार्यक्रममा बैंकको १९ वार्षिक साधारण सभाको अवसरमा घोषणा भएको पुरस्कार अनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश स्तरमा उत्कृष्ट हुने बचत तथा ऋण सहकारी बाहेकको हिमचुली कृषि सहकारी संस्था लिमिटेड कालिकोट र बचत तथा ऋण सहकारी तर्फ साझा बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतलाई सम्मान गरिएको छ।

त्यसैगरी शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने सुर्खेत शाखा अन्तरगत उत्कृष्ट कारोबार गर्ने वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेत र नियमित कारोबार गर्ने बुलबुले बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेत सम्मानित भएका छन् । त्यसै गरी दैलेख शाखा कार्यालय अन्तरगत उत्कृष्ट हुने जनसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड गुराँसे, दैलेख र नियमित कारोबार गर्ने जनप्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड दैलेख सम्मानित भएका छन्।

सम्मानित हुने प्रदेश र शाखा स्तरको संस्थाका प्रतिनिधिहरूलाई बैंकका अध्यक्ष के.बी. उप्रेती र कार्यक्रममा सहभागी अतिथिहरूले प्रशंसा पत्रद्वारा सम्मान गर्नु भएको थियो।

# राष्ट्रिय सहकारी बैंकद्वारा विश्व वातावरण दिवसको अवसरमा वृक्षरोपण



ललितपुर । राष्ट्रिय सहकारी बैंकद्वारा विश्व वातावरण दिवसको अवसरमा ललितपुरको महालक्ष्मी नगरपालिकाको लामाटार र रुपन्देहीको तिलोत्तमा सामुदायिक पार्कमा वृक्षारोपण गरिएको छ ।

बैंकको इमाडोल शाखाले बनस्पती, फलफूल लगायत विभिन्न जातका ८१ वटा बोट विरुवा र तिलोत्तमा शाखाले विभिन्न जातका ५०० वटा बिरुवा रोपिएको बैंकले जनाएको छ । त्यस अवसरमा इमाडोलमा भएको वृक्षारोपण कार्यक्रममा बैंकका सञ्चालक रामहरी बजगाँईले रुद्राक्षको विरुवा रोपेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

दिगो विकास लक्ष्य प्राप्ति अन्तरगत सहकारीहरुले वातावरण संरक्षण सम्बन्धी क्रियाकलापहरु गर्नुपर्ने आजको आवश्यकता रहेको भन्दै वर्तमान अवस्थामा जलवायु परिवर्तनले वातावरणिय पर्यावरणमा ल्याएको प्रभावलाई न्युनिकरण गर्न यस्ता खालका कार्यक्रमहरुले टेवा पुऱ्याउने कुरामा जोड दिनु भयो । कार्यक्रममा बैंकको व्यवसाय विकास विभागका प्रमुख मधु रायमाझी, इमाडोल शाखाका शाखा प्रमुख अनुजा सैंजु, पदाली सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष राजाराम पौडेल लगायतको सहभागिता रहेको थियो ।

त्यसैगरी तिलोत्तमा शाखाको वृक्षरोपन कार्यक्रममा तिलोत्तमा नगरपालिकाकी उपप्रमुमख जागेश्वर देवी चौधरी, विभिन्न सहकारी सस्थाका प्रतिनिधिहरुको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९७३ देखि विश्वमा वातावरणप्रति सचेतना फैलाउने उद्देश्यले हरेक वर्षको ५ जुनमा विश्व वातावरण दिवस मनाउने गरिन्छ ।

# कीर्तिपुरमा लेखापालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

ललितपुर । कीर्तिपुर नगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा वर्तमान सन्दर्भमा लेखापालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।




जेठ २२ र २३ गते दुई दिन नगरपालिकाको सभाहलमा सञ्चालन भएको कार्यक्रममा नगरपालिका क्षेत्रभित्र रहेका ६६ वटा सहकारी संस्थाका ६६ जना प्रतिनिधिहरूको सहभागिता रहेको सहकारी बैंकको कीर्तिपुर शाखाका प्रमुख समीर मानन्धर जानकारी दिनु भयो । तालिममा लेखाको परिचय, अवधारण र उद्देश्य, सहकारी खाताहरूको परिचय र हिसाब , गोश्वारा भौचर लगायतको खातामा प्रविष्टि, भौचर समायोजन र स्थिति, संस्थामा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको भूमिका लगायतको विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजीकरण गर्नुभएको थियो ।

# राष्ट्रिय सहकारी बैंकका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना कर्मचारीहरूलाई निरन्तर क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ । सुनसरीको इटहरीमा जेठ २७ गते देखि आयोजना गरिएको २ दिवसीय तालिममा बैंकको मधेश प्रदेश र कोशी प्रदेशमा रहेका शाखा कार्यालयहरूमा कार्यरत सहायक स्तरका २५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

बैंकमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी बैंकको साख र गरीमा वृद्धिमा कर्मचारीहरूलाई सरिक बनाई छिटो छरितो, गुणस्तरीय र प्रविधियुक्त सेवा सञ्चालनका लागि कर्मचारीहरूलाई दक्ष बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ । तालिमको पहिलो बैंकका सूचना सुरक्षा अधिकृत विपुल गौतमले साइबर सुरक्षाको विषयमा र दोस्रो दिन उत्कृष्टता सदस्य सेवा, कागजात तथा जालसाजी र जाली मुद्राको प्रमाणीकरणको विषयमा मुकुल प्रधानले प्रस्तुतीकरण दिनु भएको थियो ।

# सप्तरीको फत्तेपुरमा केयर समिक्षा कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आवद्ध संस्थाहरुको केयर समिक्षा कार्यक्रम सप्तरीको फत्तेपुरमा सम्पन्न भएको छ ।

असार ८ गते केयरमा आबद्ध त्रियुगा बहुमुखी सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा आबद्व संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो । आयोजक संस्थाका अध्यक्ष चन्द्रशेखर चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्यता सप्तकोसी नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद ढकालले गर्नु भएको थियो ।

नगर प्रमुख ढकालले कार्यक्रममा बोल्दै सहकारीहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि राष्ट्रिय सहकारी बैंकले सञ्चानलन गरेको स्तरीकरण कार्यक्रम केयर प्रभावकारी भएको बताउनु भयो । उहाँले संस्थाको रणनीतिक योजना निर्माण गर्ने, संस्थागत पूँजि वृद्धिको योजना बनाउने, सञ्चालक समिति र उपसमितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, तरलता व्यवस्थापन लगायतका विषयमा छलफल गर्न यो कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।




राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डलले सहकारी संस्थाहरुलाई सिद्धान्त र सुशासान अनुसार सञ्चालन गर्न स्तरीकरण कार्यक्रमले फाईदा पुग्ने बताउनु भयो । उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई व्यवस्थित गराउन सहज हुने बताउनु भयो ।

कार्यक्रममा सप्तकोसी नगरपालिकाका उप-प्रमुख रीता कुमारी चौधरी, वडा नम्बर १ का वडा अध्यक्ष रोहीणी प्रसाद पोखरेल लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो ।

उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउँदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनुभएको थियो । उक्त कार्यक्रमले सहकारीको सञ्चालन सहित गुणस्तरीय सेवाको अभियानमा ठूलो सहयोग मिल्ने बताउनुभयो ।

कार्यक्रममा सिराहा जिल्लाका २ र सप्तरी जिल्लाका ३ गरी ५ वटा संस्थाहरूका व्यवस्थापन प्रमुखबाट संस्थागत प्रस्तुतीकरण भएको थियो । कार्यक्रमबाट १७ बुँदे प्रतिबद्धता जारी गरिएको छ ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा ललितपुर बचत संघको रणनीतिक व्यावसायिक योजना तर्जुमा गोष्ठी सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको रणनीतिक व्यावसायिक योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ । भक्तपुरको नगरकोटमा असार ७ देखि ९ गते सम्म ( तीन दिन) सञ्चालन भएको गोष्ठीमा संघका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरु, उपसमितिका संयोजक तथा सदस्ह्हरू र कर्मचारीहरुको सहभागिता रहेको थियो । संघले आर्थिक वर्ष २०८४/०८५ सम्मको लागि रणनीतिक व्यावसायिक योजना तयार गरेको संघले जनाएको छ । गोष्ठीमा २८ वटा विभिन्न क्षेत्रका लक्ष्य निर्माण भएका छन् । मुलत् ललितपुर जिल्लाको सहकारी अभियान सुदृढीकरणमा योजना केन्द्रित भएर निर्माण गरिएको संघका अध्यक्ष एवम् बैंकका सञ्चालक रामहरि बजगाईंले बताउनु भयो । उहाँले भन्नु भयो, “गोष्ठीबाट बहस पैरवीलाई प्राथमिकतामा राखेर हालको वर्तमान वित्तीय सङ्कटलाई सामना गर्न सहजिकरण गर्ने लक्ष्य तय भएको छ, यसको लागि संघले सहकारी बैंकसँगको समन्वयमा थप कार्य गर्ने बताउनु भयो” ।

कार्यक्रमको असार ७ गते नेफस्कुनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले उद्घाटन गर्नु भएको थियो । गोष्ठीमा बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले रणनीतिक व्यावसायिक योजना तर्जुमाको विषयमा सहजीकरण गर्नु भएको थियो ।

# सहकारी संस्थाका सञ्चालक तथा ब्यवस्थापकहरुलाई क्षमता वृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाको आयोजना तथा तनहुँको शुक्लागण्डकी नगरपालिकाको समन्वयमा सञ्चालित सहकारी संस्थाका सञ्चालक समितिहरू र व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । असार ५ र ६ गते सञ्चालन भएको तालिममा तनहुँ जिल्लाको पश्चिम क्षेत्र शुक्लागण्डकी, भिमाद रिसिङ, घिरिङ क्षेत्रका सहकारी संस्थाहरूबाट संस्थाका सञ्चालक समिति तथा व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी संघ/संस्थाहरूका सञ्चालकहरू तथा व्यवस्थापकहरूलाई सहकारी ऐन, नियमावली, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र




सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

शुक्लागण्डकी नगरपालिकाका नगर प्रमुख कृष्णराज पण्डितको प्रमुख आतिथ्ययतामा भएको तालिम कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सहायक तालिम अधिकृत राजकुमार बरालले सहजीकरण गर्नु भएको थियो। त्यसैगरी असार ७ र ८ गत तनहुँको पूर्वी क्षेत्रका सहकारी तथा गोरखा र लमजुङ जिल्लाका सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम शुक्रवार सम्पन्न भएको छ। तालिमको समापन कार्यक्रममा बोल्दै व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले सहकारी प्रति आम सदस्यको विश्वास घट्दै गएको भन्दै उहाँले तीनै तहका सरकार र अभियानको साझा प्रयास बाट पुनः सदस्यको विश्वास जागृत गर्नुपर्ने बताउनु भयो।

"सहर केन्द्रित केही संस्थाले गरेको बदमासीका कारण आम सहकारीमा विश्वासको सङ्कट आएकोले सहकारीप्रति सदस्यको विश्वास जगाउने क्रियाकलाप गर्नु पर्ने बताउनु भयो। कार्यक्रममा जिल्ला सहकारी संघ तनहुँका अध्यक्ष प्रदीप राज अधिकारी र केन्द्रीय दूध सहकारी सघंका अध्यक्ष अमर बहादुर कुँवरको आतिथ्यता रहेको थियो । कार्यक्रममा विभिन्न सहकारी संस्थाहरूबाट ४८ जना सञ्चालक तथा व्यवस्थापकहरूको सहभागिता रहेको बैंकको दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले बताउनु भयो। तालिमको सहजिकरण बैंकका सहायक तालिम अधिकृत राजकुमार बरालले गर्नु भएको थियो।

# राजविराजमा सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयर समीक्षा गोष्ठी सम्पन्न




ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम सप्तरीको राजविराजमा सम्पन्न भएको छ।

जेठ ८ गते केयरमा आबद्ध जनज्योति कृषि सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा आबद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

आयोजक संस्थाका अध्यक्ष एवं बैंकका सञ्चालक विश्वनाथ मण्डलको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्यता वरिष्ठ पत्रकार अनिल कुमार अनल, विशिष्ट अतिथि राजविराज शाखा समन्वय उपसमितिका संयोजक गणेश आस, पत्रकार मुरली प्रसाद यादव, राजविराज शाखा समन्वय उपसमितिका सदस्यहरू सचिन्द्र दास, सत्रुधन प्रसाद गुप्ता र बैंकको राजविराज शाखाका शाखा प्रमुख चन्द्रमणि भट्टराईको आतिथ्यता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो। उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउँदै सुधारका लागि आवश्यक सुझावहरू समेत दिनुभएको थियो। कार्यक्रममा सप्तरी जिल्लाको केयरमा आबद्ध ५ वटा संस्थाहरूका व्यवस्थापन प्रमुखबाट संस्थागत प्रस्तुतीकरण भएको थियो। कार्यक्रमबाट २३ बुँदे प्रतिबद्धता जारी गरिएको छ।

# सर्लाहीमा सञ्चालित बजार प्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड हरिवन शाखाको आयोजनमा सञ्चालित सहकारी संस्थामा कार्यरत बजार प्रतिनिधिहरूको "क्षमता अभिवृद्धि तालिम" असार ११ गते सम्पन्न भएको छ। बैंकका सञ्चालक विश्वनाथ मण्डलको प्रमुख आतिथ्यतामा भएको तालिम समापन समारोहमा बोल्दै उहाँले 'सहकारीका बजार प्रतिनिधिहरू संस्थाको पूर्ण जिम्मेवारी र सदस्यको नियमित सम्पर्कमा रहने भएकोले उत्कृष्ट कार्य सम्पादन गर्नको लागि तालिम फलदायी हुने भन्दै बैंकले प्रदान गर्ने हरेक तालिममा सहभागी भई उच्च ज्ञान हासिल गर्न र सहकारी क्षेत्रको उत्कृष्ट कर्मचारी बन्ने अवसर प्राप्त गर्न सहभागीहरूलाई अनुरोध गर्नुभयो'। 'बजार प्रतिनिधिहरूले संस्थाबाट पाउने सेवा सुविधा आफूले गर्ने कार्य सम्पादनमा भर पर्ने भएकोले असल बजार

प्रतिनिधि मात्र नभई भविष्यको असल प्रबन्धक बन्ने उद्देश्य सहित सक्रिय सहभागिताका लागि अनुरोध गर्नु भयो' । तालिम कार्यक्रममा हरिवन शाखा समन्वय उपसमितिका संयोजक केशव प्रसाद ढकाल, लघुवित्त तथा उद्यम उपसमितिका सदस्य भरत शाह, सहकारी व्यवसाय, प्रवर्द्धन एकीकरण तथा स्तरीकरण उपसमितिका सदस्य पञ्चलाल महतोको आतिथ्यता रहेको थियो । तालिममा बैंकको हरिवन शाखामा कारोबार गर्ने त्यस क्षेत्रका विभिन्न सहकारी संस्थाका ४७ जना बजार प्रतिनिधि कर्मचारीहरू सहभागी भएका थिए ।

तालिमको सहजीकरण बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो ।

बैंकको हरिवन शाखाका प्रमुख नारायण लामिछानेको सञ्चालन भएको तालिम समापन समारोहमा सहभागीहरूले तालिम निकै उपयोगी भएको भन्दै बैंकलाई धन्यवाद दिएका थिए, आगामी दिनमा पनि क्षमता विकास हुने खालको तालिम सञ्चालन गर्न बैंकलाई अनुरोध गरेका छन् ।

# केयर कार्यक्रममा आबद्ध तीन जिल्लाका संस्थाहरु बिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध तीन जिल्लाका संस्थाहरु बिचमा केयर समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।

असार ११ गते सर्लाहीको हरिवनमा आयोजित कार्यक्रममा धनुषा, महोत्तरी र सर्लाही जिल्लाको केयरमा आबद्ध ४ वटा संस्थाका व्यवस्थापन प्रमुख तथा सहकारी बैंकको बिचमा समीक्षा भएको थियो ।

केयरमा आबद्ध हाम्रो कृषि सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा आबद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

संस्थाका अध्यक्ष तिलक बहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हरिवन नगरपालिका वडा नम्बर-४, का वडा अध्यक्ष केशव राज थापा, बैंकको सहकारी व्यवसाय, प्रवर्द्धन एकीकरण तथा स्तरीकरण उपसमितिका सदस्य पञ्चलाल महतो, लघुवित्त तथा उद्यम उपसमितिका सदस्य भरत शाह लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । कार्यक्रमबाट २७ बुँदे प्रतिबद्धता जारी गरिएको छ ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा इलाममा कोपोमिस तालिम सञ्चालन

ललितपुर । इलामको देउमाई नगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा असार १८ गतेदेखि सुरु भएको सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ ।

तीन दिन सम्म सञ्चालन भएको तालिम समापन कार्यक्रममा नगर उपप्रमुख तथा सहकारी अभियानकर्मी पविमाया राईको अध्यक्षता र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि बहादुर दाहालको प्रमुख आतिथ्यमा भएको थियो । तालिम समापन कार्यक्रममा मन्तव्य राख्दै नगर उपप्रमुख पविमाया राईले राष्ट्रिय सहकारी बैंक लिमिटेडसँगको सहकार्यमा वडा स्तरमा सहकारी शिक्षा तथा तालिमका कार्यक्रम अघि बढाउन आफू तयार रहेको बताउनुभयो । उहाँले नगरको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत उक्त कार्यक्रमहरु समावेश गरेको उल्लेख गर्नु भयो । प्रमुख प्रशासकीय अधिकृत हरि बहादुर दाहालले नगरपालिका सहकारीको विकास र प्रवर्द्धनमा प्रतिबद्ध रहेको बताउनुभयो । नगरको सहकारी शाखाका कर्मचारी योगमाया रिसालले सञ्चालन गर्नुभएको कार्यक्रममा नगरपालिका क्षेत्र भित्रका २३ जना सहभागीहरूलाई कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथि, विशेष अतिथि केन्द्रीय चिया सहकारी संघ लिमिटेडका सञ्चालक तथा जिल्ला सहकारी संघ लिमिटेड इलामको देउमाई नगर सहकारी समन्वय समितिका संयोजक दावा तामाङ, सहजकर्ता राष्ट्रिय सहकारी बैंक लिमिटेड इलाम शाखाका प्रमुख मनोज लामिछाने नगरपालिकाको सहकारी शाखा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी बरालले प्रमाण पत्र प्रदान गर्नुभएको थियो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा गण्डकी प्रदेशका १७ सहकारी पुरस्कृत



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले गण्डकी प्रदेशका १७ वटा सहकारी संस्थालाई पुरस्कृत गरेको छ ।

गत पुसमा सम्पन्न बैंकको १६ औं वार्षिक साधारणसभामा विभिन्न विधामा पुरस्कारका लागि छनोट भएका सहकारीहरुलाई असार ५ गते पोखरामा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे र बैंकका अध्यक्ष के.बी.उप्रेतीले पुरस्कृत संस्थाका पदाधिकारीहरुलाई प्रशंसापत्र सहित पुरस्कार प्रदान गर्नु भएको थियो ।

पुरस्कृत हुने संस्थाहरुमा महिलाद्वारा सञ्चालित सहकारी मध्ये राष्ट्रिय स्तरको पुरस्कार शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कावासोतीलाई प्रदान गरिएको थियो ।

यस्तै प्रदेश स्तरमा उत्कृष्ट हुने वचत तथा ऋण सहकारी मध्येबाट फेवा वचत तथा ऋण सहकारी सस्था लिमिटेड पोखरा र वचत तथा ऋण बाहेकका सहकारी मध्येबाट सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गलकोट बागलुङलाई पुरस्कृत गरिएको छ । आर्थिक वर्ष २०७८/०७९ मा बैंकसंग उत्कृष्ट र नियमित कारोबार गर्ने संस्थाहरु मध्ये शाखा स्तरीय पुरस्कारबाट दमौली शाखामा उत्कृष्ट कारोबार गर्ने भिमाद वचत तथा ऋण सहकारी संस्था लिमिटेड भिमाद तनहुँ र नियमित कारोबार गर्ने विधामा शिवकालिका वचत तथा ऋण सहकारी संस्था लिमिटेड ब्यास-२, तनहुँ पुरस्कृत भएका छन् ।

पोखरा शाखामा उत्कृष्ट कारोबार गर्ने दुधपोखरी वचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्की र नियमिततर्फ द गोर्खाज वचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्कीलाई पुरस्कृत गरिएको छ ।

यस्तै वालिङ शाखामा उत्कृष्ट कारोबार गर्ने मिलन वचत तथा ऋण सहकारी संस्था लिमिटेड वालिङ, स्याङ्जा र नियमिततर्फ बोलबम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड वालिङ स्याङ्जालाई पुरस्कृत गरिएको थियो । बागलुङ शाखामा उत्कृष्ट कारोबार गर्ने बेनी वचत तथा ऋण सहकारी संस्था लिमिटेड म्याग्दी र नियमिततर्फ साझा चौतारी युवा उद्यमशिल सहकारी संस्था लिमिटेड बागलुङ पुरस्कृत भएका छन् । यस्तै पुतलीबजार शाखामा उत्कृष्ट कारोबार गर्ने सुर्योदय वचत तथा ऋण सहकारी संस्था लिमिटेड पुतलीबजार स्याङ्जा र नियमित तर्फ जयजनता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पुतलीबजार स्याङ्जा पुरस्कृत भएका छन् ।

तालचोक शाखामा उत्कृष्ट कारोबार गर्ने लेखनाथ वचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-२६ कास्की र नियमिततर्फ लेखनाथ सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-२७ कास्की पुरस्कृत भएका छन् ।

कावासोती शाखामा उत्कृष्ट कारोबार गर्ने मध्यनेपाल वचत तथा ऋण सहकारी संस्था लिमिटेड देवचुली नवलपुर र नियमिततर्फ सिर्जनशिल वचत तथा ऋण सहकारी संस्था लिमिटेड कावासोती नवलपुर पुरस्कृत भएका छन् ।

बैंकका संस्थापक अध्यक्ष स्वर्गीय राजेशहरि जोशीको नाममा स्थापना गरिएको संस्थापक अध्यक्ष/सञ्चालक सम्मानबाट गण्डकी वचत तथा ऋण सहकारी संस्था गैडाकोट नवलपुरका गोविन्द सुवेदीलाई नगद २५ हजार सहित सम्मान गरिएको थियो । बैंकले प्रवाह गर्ने कर्जा कारोबारमा उत्कृष्ट संस्थाहरु मध्येबाट मिलिजुली महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कावासोती नवलपुरलाई उत्कृष्ट ऋणी संस्था ( ग्रीनकार्ड) प्रदान गरिएको थियो ।

बैंकले विभिन्न सामुदायिक विद्यालयहरुमा गठन गरेका बालक्लवका विद्यार्थीहरुबीच सञ्चालन गरेको वित्तीय साक्षरतामा सहकारीको भूमिका विषयक निवन्ध लेखन प्रतियोगितामा देशभरका सहभागी मध्ये द्वितिय हुने आदर्श माध्यमिक विद्यालय पोखरा-२७ कास्कीका छात्रा सदिक्षा सुवेदीलाई नगद १० हजार सहित पुरस्कृत गरिएको बैंकका सञ्चालक एवम् शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक माधवलाल देवकोटाले जानकारी दिनुभयो । बैंकका अध्यक्ष केबी उप्रेतीको अध्यक्षता, सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको सञ्चालन र पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा कोशी प्रदेशका २७ सहकारी पुरस्कृत

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले कोशी प्रदेशका २७ वटा सहकारी संस्थालाई पुरस्कृत गरेको छ।

गत पुसमा सम्पन्न बैंकको १९ औं वार्षिक साधारणसभामा विभिन्न विधामा पुरस्कारका लागि छनोट भएर घोषण भएका २६ वटा र १८ औं वार्षिक साधारण सभामा घोषणा भएर पुरस्कार वितरण गर्न बाँकी एक गरी २७ वटा सहकारीहरुलाई असार २४ गते विराटनगरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो । बैंकका नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले पुरस्कृत संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूलाई प्रशंसा पत्र सहित पुरस्कार प्रदान गर्नु भएको थियो ।

पुरस्कृत हुने संस्थाहरुमा प्रदेश स्तरमा उत्कृष्ट हुने बचत तथा ऋण सहकारी मध्येबाट किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड इटहरी नगरपालिका सुनसरी र बचत तथा ऋण बाहेकका सहकारी मध्येबाट सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोड, झापालाई पुरस्कृत गरिएको छ।

आर्थिक वर्ष २०७८/०७९ मा बैंकसँग उत्कृष्ट र नियमित कारोबार गर्ने संस्थाहरु मध्ये शाखा स्तरीय पुरस्कारबाट विराटनगर शाखामा उत्कृष्ट कारोबार गर्ने अरनिको बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड विराटनगर-९, र नियमित कारोबार गर्ने विधामा नेपा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड विराटनगर-९, पुरस्कृत भएका छन् ।

धरान शाखामा उत्कृष्ट कारोबार गर्ने सहयात्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान-१२, सुनसरी र नियमिततर्फ कृति चत तथा ऋण सहकारी संस्था लिमिटेड धरान-१२, सुनसरीलाई पुरस्कृत गरिएको छ।

यस्तै इलाम शाखामा उत्कृष्ट कारोबार गर्ने शताब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलाम-७, र नियमिततर्फ मेची नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलाम-७,लाई पुरस्कृत गरिएको थियो।

उर्लाबारी शाखामा उत्कृष्ट कारोबार गर्ने दुर्गा बास बचत तथा ऋण सहकारी संस्था लिमिटेड रतुवामाइ-१०, र नियमिततर्फ सिद्धि विनायक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड उर्लाबारी-५, पुरस्कृत भएका छन् । यस्तै बिर्तामोड शाखामा उत्कृष्ट कारोबार गर्ने प्रथम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोड-८ र नियमित तर्फ शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोड पुरस्कृत भएका छन् । दमक शाखामा उत्कृष्ट कारोबार गर्ने नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लिमिटेड दमक र नियमिततर्फ दमक बहुमुखी सहकारी संस्था लिमिटेड दमक पुरस्कृत भएका छन् । यस्तै इटहरी शाखामा उत्कृष्ट कारोबार गर्ने संरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेड इटहरी-९, र नियमिततर्फ हातेमालो महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड इटहरी-८, पुरस्कृत भएका छन् । धनकुटा शाखामा उत्कृष्ट कारोबार गर्ने डाँडा बजार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र नियमिततर्फ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पुरस्कृत भएका छन् ।

यस्तै फिदिम शाखामा उत्कृष्ट कारोबार गर्ने तमोर महिला कृषि सहकार संस्था लिमिटेड फुङलिङ-४, र नियमिततर्फ ताराबारी शान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड फाल्गुनानन्द-५, पुरस्कृत भएका छन् ।




मेचीनगर शाखामा उत्कृष्ट कारोबार गर्ने होक्से कृषि सहकारी संस्था लिमिटेड मेचीनगर-१०, र नियमिततर्फ ताराबारी शान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड मेचीनगर-१०, पुरस्कृत भएका छन् ।

यस्तै सुन्दरहरैचा शाखामा उत्कृष्ट कारोबार गर्ने लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड बेलबारी २, र नियमिततर्फ इन्द्रपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुन्दरहरैचा-९, लाई पुरस्कृत गरिएको बैंकका ञ्चालक विश्वनाथ मण्डलले बताउनु भयो ।

बैंकले प्रवाह गर्ने कर्जा कारोबारमा उत्कृष्ट संस्थाहरु मध्येबाट मेचीनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड मेचीनगरलाई उत्कृष्ट ऋणी संस्था (ग्रीनकार्ड) प्रदान गरिएको थियो ।

बैंकका सञ्चालक महेन्द्र गिरीको अध्यक्षता भएको कार्यक्रममा "सहकारीको वर्तमान अवस्था, वित्तीय पहुँच तथा भावी कार्यक्रम" को विषयमा बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले प्रस्तुतीकरण गर्नुभएको थियो । कोशी प्रदेशभरका विभिन्न सहकारी संघ/संस्थाका ३ सय ६० भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक अध्यक्ष गणेश ढकाल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक गोमा नेपाल र धनश्याम अधिकारी, कोशी प्रदेशका निमित्त रजिस्ट्रार हरि बहादुर खत्री, जिल्ला सहकारी संघ सुनसरीका अध्यक्ष गंगा प्रसाद दाहाल लगायतले मन्तव्य राख्नु भएको थियो ।

बैंकको विराटनगर शाखाका प्रमुख प्रभु पोखरेलको सञ्चालन र लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

